# राष्ट्रिय मानव अधिकार आयोग
## National Human Rights Commission of Nepal
केन्द्रीय कार्यालय (Central Office)
हरिहर भवन, पुल्चोक, ललितपुर (Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal)


२०७५ जेठ २१

**आयोगको आव्हान**

**गंगामायाको जीवन रक्षा गर ।**

छोरा कृष्ण प्रसाद अधिकारीको हत्याको छानविन र दोषी उपर कानुनी सजायको माग गर्दै लामो समय देखि वीर अस्पतालमा उपचाररत गंगामाया अधिकारी पछिल्लो पटक मिति २०७५ जेष्ठ १५ गते देखि पुनः अनशनमा बस्दा पटक-पटकको अनशनका कारण निजको स्वास्थ्य अवस्था अत्यन्त कमजोर र नाजुक बन्दै गएको प्रति राष्ट्रिय मानव अधिकार आयोगको गम्भीर ध्यानाकर्षण भएको छ । निजको स्वास्थ्य अवस्था सम्बन्धमा आयोगले आज पुनः अनुगमन गरेको छ ।

आयोगले नेपाल सरकार र सम्बन्धित निकाय समेतलाई पटक-पटक ध्यानाकर्षण गराउँदा त्यसतर्फ कुनै सुनुवाई नहुनु, न्याय छिटो, छरितो र सर्वशुलभ हुनुपर्ने मूल्य र मान्यताको परिपालना नहुँदा न्यायिक संयन्त्रहरूप्रतिको जनआस्थामा समेत प्रश्न खडा हुने र मानव अधिकारको संरक्षण र सम्मान समेत नहुने भएकोले गंगामायाको स्वास्थ्य अवस्थाप्रति संवेदनशील भई निजको जीवन रक्षाको लागि तत्काल आवश्यक पहल गर्न आयोग सम्बन्धित सबै पक्ष एवं निकायलाई आव्हान गर्दछ ।

..................

वेद भट्टराई

सचिव